विषय-सूची

सि.नं.	विवरण	पेज नं.
१)	अध्यक्षको मन्तव्य	१
२)	सचिवको प्रतिवेदन	३
३)	लेखा तथा सुपरिवेक्षण समिति प्रतिवेदन	६
४)	कोषाध्यक्षको प्रतिवेदन	८
५)	आ.व ०८०/०८१ को प्रस्तावित वजेट	१०
६)	स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन	११
७)	वासलात	१२
८)	आय-व्यय विवरण	१३
९)	नगद प्रवाह	१४
१०)	अनुसूचीहरू	१५
११)	प्रमुख लेखा नीति एवं टिप्पणीहरू	२२
१२)	बचत तथा ऋण खाताको व्याजदर	२५
१३)	पुरस्कृत हुने सदस्यहरूको नामावली	२५
१४)	संचालक समिति/सल्लाहकार समिति/लेखा समिति/महिला उप-समिति/ऋण उप-समिति/शिक्षा उप-समिति/ आर्थिक व्यवस्थापन उप-समिति र कर्मचारीहरू	२६

स्थायी लेखा नं. ३०३६१३०५३ द.नं. २२२३/०६५/६६

डिलाईट बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Delight Saving & Credit Co-Operative Ltd.
अनामनगर-२९, काठमाडौं, फोन नं.:- ०१-४१०२८४६, ४१०२८४७

च.नं. : ११३ /२०८०/०८१

मिति: २०८०/०६/१०

श्री सम्पुर्ण शेयर सदस्यहरू
..... ।

बिषय : १५औं वार्षिक साधारण सभाको सुचना सम्बन्धमा ।

यस संस्थाको मिति २०८० साल भाद्र २९ गते शुक्रबार बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको १५औं वार्षिक साधारण सभा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्नका लागि निम्न मिति, स्थान र समयमा बस्ने भएकाले यहाँको उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछु ।

छलफलका लागि सभामा पेश गरिने प्रस्तावहरु:

१. संचालक समितिको २०७९/०८० को प्रतिवेदन पारित गर्ने ।
२. आ.व. २०७९/०८० लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित गर्ने ।
३. आ.व. २०७९/०८० को लेखा परिक्षकको प्रतिवेदन पारित गर्ने ।
४. आ.व. २०७९/०८० को लाभांस वितरण प्रस्ताव पारित गर्ने ।
५. आ.व. २०८०/०८१ को वार्षिक निति तथा कार्यक्रम बजेट पारित गर्ने ।
६. आ.व. २०८०/०८१ को लागि लेखापरिक्षकको नियूक्ति र निजको पारिश्रमिक पारित गर्ने ।
७. संचालक समिति, लेखा समिति तथा अन्य उप-समितिबाट हाल सम्म भए गरेका निर्णयहरुको अनुमोदन गर्ने ।
८. आन्तरिक कार्यविधि निर्माण तथा संशोधन गर्ने ।
९. संस्थाको उद्देश्य मिल्ने सहकारी संस्थाहरु संग एकिकरण गर्ने ।
१०. संस्थाको पुन: लिखित विनियम २०७९ अनुसार रिक्त संचालक सदस्य पदको निर्वाचन गर्ने ।
११. भवन निर्माण गर्ने ।
१२. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न संचालक समिति बाट उपस्थित सबै र शेयर सदस्यहरु बाट १० जना मनोनयन सम्बन्धमा ।
१३. कर्जा अपलेखन सम्वन्धमा ।
१४. विविध ।

कार्यक्रम

मिति :- २०८० साल असोज २७ गते शनिबार ।
स्थान :- किम्ची रेष्टुरेण्ट/ब्याङ्क्वेट
अनामनगर २९, काठमाण्डौ
समय :- विहान ८ :०० बजे ।

पुष्प विष्ट
(अध्यक्ष)

अध्यक्षको मन्तव्य

पुष्प विष्ट
अध्यक्ष

यस संस्थाको १५ औं वार्षिक साधारणसभाका प्रमुख अतिथिज्यू, बिशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, संस्थाका सल्लाहकारज्यूहरु, संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, उप-समितिहरुका संयोजक तथा सदस्यज्यूहरु, हाम्रो यस संस्थामा आवद्ध भई सहकार्य गरिरहनु भएका सम्पूर्ण शेयर सदस्य महानुभावहरु, कार्यरत कर्मचारीहरु तथा शुभेक्षुक महिला तथा सज्जनवृन्दमा म यस संस्थाको संचालक समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्न चाहान्छु ।

विश्वमा औपचारीक रूपमा सन् १८४४ मा शुरूवात भएको सहकारी करिव १७९ बर्ष भएको छ भने नेपालमा औपचारिक शुरूवात भएको पनि करिव ६७ बर्ष भएको छ । बचतमाफर्त सदस्हरुको भविष्य सुनिश्चित गर्न र समृद्धिको यात्रा तय गर्नको लागि सदस्यहरुमा बचत गर्ने बानिको बिकास गर्न बित्तिय कारोवार मार्फत सदस्यहरुको वित्तीय आवश्यकता परिपूर्ति गर्ने हेतुले आज भन्दा १५ बर्ष अघि बिधिवत रूपमा स्थापना भई बिभिन्न समयमा अनुकुल तथा प्रतिकुल अवस्था पार गर्दै आजको यो समयसम्म आइपुग्न तपाई हामी सबैको आ-आफ्नो क्षेत्रबाट योगदान उत्तिकै महत्वपूर्ण रहेको छ । सहकारी एउटा मौलिक आर्थिक, सामाजिक, तथा सांस्कृतिक अभियान हो जसले सबै तह तप्काका ब्यक्तिहरुलाई गोलवद्ध गराउदै सदस्यहरुलाई सशक्तीकरण गर्दै व्यवसायिक बनाउने र समुदाय केन्द्रित क्रियाकलापहरु संचालन गर्दै न्यायपुर्ण भुमिका खेल्ने गर्दछ । यस सहकारी संस्थाले पनि १५ बर्षको अवधिमा आर्थिक, सामाजिक र सांस्कृतिक पक्षमा जे जति कार्य गर्न सफल भयो, त्यसको अनुभवका आधारमा प्राप्त उपलब्धीहरुको रक्षा गर्दै सदस्यहरुलाई थप उधमशिल बनाउने, आत्मनिर्भर बनाउने र कर्मचारीहरुलाई अझ क्षमतावान बनाउने निती अवलम्बन गरिने छ ।

आदरणीय उपस्थित सदस्य महानुभावहरूः

संस्थाको बार्षिक प्रगति प्रतिवेदन सचिवज्यू बाट जानकारी प्राप्त हुनेछ । लेखा सम्बन्धि प्रतिवेदन लेखा समितिका संयोजकज्यूबाट र आगामी वार्षिक कार्यक्रम तथा योजनाहरुको बारेमा कोषाध्यक्षज्यूले यस गरिमामय सभामा प्रस्तुत गर्नु हुनेछ ।

आदरणीय सदस्यज्यूहरू, कोभिड १९ का दीर्घकालीन असरहरुले आर्थिक क्षेत्र अझै उठ्न सकिरहेको

छैन । विश्वमा देखिएको आर्थिक मन्दी तथा रसिया र युक्रेनको युद्धले नेपाल पनि चरम आर्थिक मन्दीको चपेटामा परेको छ । घर जग्गा शेयर र ब्यावसायमा ठुलो गिरावट आएको छ । यि र यस्तै कारणले हामीले सदस्यहरूलाई प्रतिबद्धता गरेको संस्थाको भवन निर्माण सुरू गर्न पनि ढिलाई भएको छ । तरपनि हामिले संस्था स्थापना काल देखिनै आज सम्म अनवरत रूपमा शेयर सदस्यहरूलाई मुनाफा वितरण गर्न समर्थ भएका छौं । साथै सहकारी ऐन २०७४ ले ब्यवस्था गरे अनुसार सदस्यहरूलाई संस्थामा बचत तथा ऋणको राम्रो कारोबारको आधारमा संरक्षित पूँजी फिर्ता कोषबाट थप अतिरिक्त लाभांशका रूपमा वितरण गर्दै आएकाछौं । आशा एवं विश्वास छ यसबाट सदस्यहरु लाभान्वित भई संस्थामार्फत थप कारोवार गर्न यहाँहरूलाई प्रोत्साहन मिलेको छ । संस्थाको समग्र विकास कारोवार बृद्धिबाट मात्र मापन गर्न सकिदैन । यसको स्वस्थ विकास हुन जरूरी छ । यसै विषयलाई मध्यनजर गर्दै हामीले अहिले सम्म संस्थाको लागि आवश्यक १९ वटा नीति तथा आन्तरिक कार्यबिधीहरु बनाई प्रयोगमा ल्याएका छौ भने संस्था र नेफ्स्कुनको साझेदारीमा सहकारी सुद्धिकरण अर्न्तगत प्रोवेशन कार्यक्रम संचालित छ । सहकारीको अन्तराष्ट्रिय मापन विधि पर्ल्स मनिटरिङ्ग सिष्टमलाई लागु गरी दिगो विकासमा ध्यान दिईएको छ । संस्थामा हाल डेक्सटपवेस सफ्टवेयरको प्रयोग गरिएको छ । आगामी दिनमा प्रबिधिमैत्री कारोवार गर्न एस.एम.एस. बैंकिङ्ग, स्मार्ट बैंकिङ्ग, मोवाईल एप आदि सुविधा सम्पन्न सफ्टवेयरको प्रयोग गरिने छ । साथै संस्थाको स्थायित्वको लागि सहकारी ऐन २०७४ को ब्यवस्था अनुसार स्थापित सहकारी स्थिरीकरण कोष र सहकारी प्रवर्धन कोषमा रकम जम्मा गर्दै आईरहेका छौं । यसलाई निरन्तरता दिदै जाने छौं ।

आरणीय सदस्यज्यूहरू, तपाईहरु माझ म आज यहाँहरूलाई केही अनुरोध गर्न चाहान्छु । जस अर्न्तगत हामीले विगत वर्षहरूमा तपाईहरूलाई यस संस्थामा कम्तीमा रू. २५०००/- शेयर पुऱ्याउन भनेका थियौं । त्यसैगरी शेयर बराबर बचत पुऱ्याउन पनि आह्वान गरेका थियौं र धेरै सदस्यहरूले सो कार्य पुरा गरेतापनि शेयर बराबर बचत नपुऱ्याउने सदस्यहरूलाई म आजको यस गरिमामय सभाबाट पुनः आह्वान गर्न चाहान्छु । आशा छ यहाँहरूले हाम्रो यस योजनालाई पुरा गरि सहयोग गरिदिनु हुनेछ । जसले गर्दा संस्थाले लिएको लक्ष्य प्राप्तीमा सफलता प्राप्त गर्न सक्नेछ ।

अन्त्यमा, आजको बार्षिक साधारणसभा समारोहमा हाम्रो आतिथ्यतालाई स्वीकार गरी आफ्नो ब्यस्त समयका बावजुद कार्यक्रमलाई सफलतापुर्बक सम्पन्न गराउन सहभागी हुनुहुने प्रमुख अतिथिज्यू, बिशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, संस्थाका सल्लाहकारज्यूहरु, सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, उप-समितिहरूका संयोजक तथा सदस्यज्यूहरु, सम्पूर्ण शेयर सदस्य महानुभावहरु, कर्मचारीहरु तथा शुभेक्षुक महिला तथा सज्जनवृन्द लगायत पत्रकार मित्रहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

!!! जय सहकारी !!!

!!! जय डिलाईट !!!

सचिवको प्रतिवेदन

पदम नारायण त्रिपाठी
सचिव

आजको यस संस्थाको गरीमामय १५औं वार्षिक साधारणसभाका सभापति महोदय, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, यस सभामा पाल्नु भई सभाको गरिमा बढाई दिनुहुने अतिथिज्यूहरु, सल्लाहकारज्यूहरु, हाम्रो यस संस्थामा आवद्ध भई सहकार्य गरिरहनु भएका सम्पूर्ण सदस्य महानुभावहरु, हाम्रो निमन्त्रणालाई स्वीकार गरि पाल्नुहुने पाहुनाहरू, कर्मचारी मित्रहरु, पत्रकार महोदय, शुभेक्षुक तथा सज्जनवृन्दमा सहकारी अभिवादन व्यक्त गर्न चाहान्छु ।

आदरणीय सदस्य महानुभावहरू,

यस डिलाईट सहाकरीलाई नाम अनुसारको चम्किलो बनाउन महत्वपुर्ण भुमिका तथा योगदान पुऱ्याउनु हुने सम्पूणमा हार्दिक आभार एवं सहकारी अभिवादन व्यक्त गर्दै आ.व. २०७९। ०८० मा संस्थामा संचालित विभिन्न कार्यक्रम तथा गतिविधिहरूको प्रगति प्रतिवेदन प्रस्तुत गर्न चाहन्छु ।

वार्षिक कार्यक्रम :

१ संचालक समितिको बैठक ४४ पटक बसेको छ । लेखा सुपरिवेक्षण समितिको बैठक ४ पटक बसेको छ । ऋण उपसमितिको बैठक १०१ पटक बसेको छ । साथै अन्य उपसमितिको बैठक आबश्यक्ता अनुसार समय समयमा बस्ने गरेको छ ।

२ PEARLS MONITORING SYATEM ले निर्धारण गरेको विभिन्न इन्डिकेटरहरु लाई टेकेर संस्थाको संचालक समितिको हरेक मासिक बैठकमा छलफल गर्ने गरिएको र त्यसैको आधारमा संस्थालाई दिगो र सवल बनाउन सकिएको छ ।

३ प्रतिस्पर्धात्मक बजारको साथै तरलता र जोखिमको बिश्लेषण लाई ध्यानमा राखी बचत तथा ऋण लगानीको ब्याजदरमा समय सापेक्ष दुई पटक परिमार्जन गरिएको छ ।

४ सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन २०७४ र सम्पत्ति शुद्धीकरण कार्यविधी २०७९, अनुसार विवरणहरु सम्बन्धीत निकायलाई पठाउने गरिएको छ ।

५ विगत एक बर्ष देखि रिक्त प्रमुख कार्यकारी अधिकृत (ब्यवस्थापक) पदमा सहायक प्रबन्धक प्रकाश लुईटेल लाई नियुक्त गरिएको छ ।

६ राष्ट्रिय सहकारी बैक लिमिटेडको १९ औं वार्षिक साधरण सभामा भाग लिन यस संस्थाका अध्यक्ष श्री पुष्प विष्टज्यू र नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कुन) को ३१ औं वार्षिक साधरण सभामा भाग लिन यस संस्थाका उपाध्यक्ष श्री विष्णु प्रसाद निरौलाज्यू सहभागिता जनाउनु भएको छ । सहकारी स्थिरीकरण कोषको साधारण सभामा सचिव श्री पदम नारायण त्रिपाठीज्यू सहभागिता जनाईएको छ । साथै विभिन्न निमन्त्रणा लाई स्वीकार गरि सहभागिता जनाउनु भएको छ ।

७ १४ औं बार्षिक उत्सव बृहत रक्तदान तथा सदस्य शिक्षा कार्यक्रम गरी सदस्यलाई सहकारी शिक्षा कार्यक्रम अन्तरगत सहकारीको अवस्था, सहकारीको आवश्यक्ता र बचत बृद्धिमा जोड गर्न प्रेरित गर्ने एकदिने कार्यशाला गोष्टी आयोजना गरेर मनाईयो ।

८ रोयल बहुउद्देश्यीय सहकारी संस्था लि. बसुन्धारा, काठमाण्डौ र निभाटो बचत तथा ऋण सहकारी संस्था लि. महाराजगंज, काठमाण्डौ मा संचालनमा रहेको खाताहरु बन्द गरियो ।

९ रिक्त रहेको कर्जा सहायक पदमा कर्मचारी सरस्वती खड्कालाई नियुक्ति गरियो ।

१० नेफ्स्कुनले सञ्चालन गरेको पूर्ण तथा व्यवसायिक साकोस विकास कार्यक्रम (प्रोवेसन) कार्यक्रम नविकरण गरि निरन्तरता दिईएको छ ।

११ संचालक समितिलाई अध्यक्षहरूको क्षमता विकास तालिम, कर्मचारीहरूलाई Credit Union Managers Competency Course (CUMCC) तालिम, Nepal Financial Reporting Standard (NFRS) तालिम, विस्तृत कर्जा ब्यवस्थापन तालिममा सहभागीता जनाएर संचालक तथा कर्मचारीको क्षमता बृद्धिमा सहयोग गरिएको छ ।

१२ १४ औं बार्षिक साधारण सभाबाट स्वीकृत भएको पुनः लिखित विनियम २०७९ प्रदेश सहकारी मन्त्रालयबाट स्वीकृत लिन हेटौडा गएर स्वीकृती लिएर कार्यान्वयनमा ल्याईएको छ ।

१३ सदस्यहरूको कर्जा माग तथा संस्थाको तरलतालाई मध्यनजर गरेर बचत तथा ऋण लगानि लाई निरन्तरता दिईएको छ ।

१४ संस्थाको स्थायीत्वको लागि संस्थाको नाममा रहेको जग्गामा स्टिल स्ट्रक्चर को घर निर्माण गरि कार्यालय आफ्नै भवनमा स्तानान्तरण गर्ने लक्ष्य लिएका थियौ तर कोरोनाको महामारी आर्थिक मन्दि लगायतका कारण आगामि बर्षमा पुरा गर्ने लक्ष्य लिएका छौ ।

१५ स्थानीय जनतासँग सहकार्य गर्दै जनचेतनामूलक कार्यक्रम तथा रक्तदान लगायत अन्य सेवामूलक कार्यक्रमलाई निरन्तरता दिएका छौं ।

१६ कर्मचारीहरु संस्थाको मेरूदण्ड हुन् । प्रोत्साहन स्वरूप संस्थाले हरेक वर्ष उत्कृष्ट कर्मचारीहरूको छनौट गरी नगद तथा प्रमाणपत्रबाट सम्मान गरिएको थियो र यस बर्षमा पनि निरन्तरता दिईएको छ ।

१७ २०७९ सालको महाशिवरात्री मेलामा पशुपती बनकालीमा ३ दिने बिशाल भण्डारण लगाई

हजारौं भक्तजनहरूलाई खाना, नास्ताका साथै पानी वितराण गर्न संस्थाले रु १०,०००/- तथा संस्थाका शेयरधनी सदस्यबाट इच्छा अनुसार सहयोग लिई उक्त भण्डारण सम्पन्न गरिएको थियो ।

१८ संस्थाले गर्ने समाजिक कार्य अर्न्तगत महिला उप-समितिको अगुवाईमा मृगौला पिडीत वर्ष ३७ की श्रीमती रिता कुमारी लोहागुन कौसललाई विर अस्पतालको वेडमानै गई महिला उप-समितिबाट रु १५,०००/- र मनकारी शेयर सदस्यहरूबाट संकलन गरि जम्मा रु ५१,६०१/- नगद हस्तान्तरण गरिएको थियो ।

अन्तमाः

संस्थाले हालसम्म गरेका कार्यहरूको मुल्याङ्कन तथा संस्थाको आन्तरिक सबलता तथा दुर्वलताको यथार्थ विश्लेषण गर्दै दुर्वल पक्षलाई हटाउदै जाने र सबल पक्षलाई तुलनात्मक लाभका क्षेत्रमा उपयोग गर्न र चुनौतिहरूको सामना गर्न प्रयोग गरिनेछ । गतिशील समाजमा समयको गतिशीलता सँगै संस्थाका सदस्यहरूको चाहना र आवश्यकता पनि परिवर्तनशील हुँदै जाने तथ्यलाई मध्यनजर गर्दै यहाँहरूको सल्लाह, सुझाव, सहयोग र समर्थन को आधारमा आधुनिक सहकारीताका मान्यताहरूलाई व्यवहारमा उतार्ने भरमग्दुर प्रयत्न गरिनेछ । संस्थालाई सुरक्षाको र सहभागिताको दृष्टिकोण बाट नेपालको सन्दर्भमा नमुना सहकारीको रूपमा समुदायमा परिचित गराउन आवश्यक पर्ने रणनितिको विकास गरि लागु गरिनेछ ।

हाम्रो काँधमा ठुलै जिम्मेबारी आएको हामिले महसुस गरेका छौं । तपाईहरूको माया, विश्वासलाई हामिले आत्मसात गर्दै यो संस्थालाई ईमान्दारीका साथ, निष्ठापूर्वक, मिहिनेतका साथ, कोहि कसैलाई विभेद नगरि, नेपाल सरकारको कानून तथा सहकारी सँग सम्बन्धित ऐन, नियम र कानुनलाई पालना गर्दै निष्पक्षताका साथ, संस्थालाई उचाईमा पुऱ्याउने र मेरो भन्ने भावना भन्दा पनि हाम्रो भन्ने भावनालाई जगृत गराई सबैले यो संस्थालाई हाम्रो भन्न सक्ने बातवरण सृजना गर्दै तपाईहरूसँगै सहकार्य गर्दै तपाईहरु सँग सल्लाह सुझाव लिँदै संस्थाको प्रगतिमा अहोरात्र खट्ने प्रतिबद्धत्ता यहाँहरु माझ गर्न चाहन्छौं । संस्थाका सल्लाहकार, अभिभावक, अग्रजहरूबाट समेत प्राप्त सुझावहरु कार्यान्वयन गर्दै लगिने व्यहोरा जानकारी गराउन चाहान्छु ।

संस्था प्रति शेयर सदस्यहरूको ठूलो विश्वास कायम राख्न तथा यस संस्थालाई सम्पूर्ण शेयर सदस्यहरूको आफ्नै संस्था हो भन्ने विश्वास दिलाउन संस्थागत सुशासन, वित्तीय अनुशासन, आन्तरीक नियन्त्रण प्रणाली एवम् पारदर्शीतालाई परिचालन गराउँदै ईमान्दारिताका साथ लागि रहने विश्वास दिलाउँदै म विदा हुन्छु ।

!!! जय सहकारी !!!

!!! जय डिलाईट !!!

लेखा तथा सुपरिवेक्षण समिति प्रतिवेदन

उपेन्द्र बहादुर अधिकारी
संयोजक

यस डिलाईट बचत तथा ऋण सहकारी संस्था लिमिटेडको गरिमामय १५ औं वार्षिक साधारण सभाका सभापति महोदय, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, समिति तथा उप-समितिका पदाधिकारी तथा सदस्यहरु, यस सस्थाका सम्पूर्ण उपस्थित शेयर सदस्य महानुभावहरु, हाम्रो निमन्त्रणालाई स्वीकार गरि पाल्नुहुने विभिन्न तह तप्काका प्रतिनीधिज्यूहरु, पत्रकारज्यूहरु, यस सहकारी संस्थाको कार्यालय व्यवस्थापन टिमका सहयोद्धा साथिहरु लगायत उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरूमा हार्दिक स्वागत तथा सहकारी अभिवादन गर्न चाहन्छु ।

आदरणीय सदस्य महानुभावहरू,

सहकारी ऐन, नियमावली साथै संस्थाको विनियमको व्यवस्था अनुसार हामिलाई लेखा समितिको महत्वपूर्ण जिम्मेवारी दिनु भएको छ । सोही अनुसार हामिले संस्थाको आर्थिक, भौतिक तथा व्यवस्थापकिय पक्षहरूलाई आन्तरिक लेखा तथा सुपरिवेक्षण गर्ने कार्य सुस्म रूपमा गर्ने गरेका छौ । हामिले हाम्रो जिम्मेवारी अनुसार आ.व. २०७९।०८० को आन्तरिक लेखा परिक्षण गर्दा प्राप्त भएको विवरण वमोजिम प्रतिवेदन तयार गरि तपाईहरु समक्ष पेश गरेका छौ ।

- संस्थाले अघिल्लो साधारण सभाबाट पारित गरेका राय सुझावहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै आएको पाईयो ।
- लेखा समितिले बैठक बसि राय, सल्लाह तथा सुझावहरु दिईएकोमा शो को अधिकतम मात्रामा कार्यन्वयन गरेको पाईयो ।
- आ.व. ०७९।०८० को अवधिमा भएको आम्दानी, खर्च, सम्पत्ति र दायित्वको हर हिसाव, परिक्षण गरिएकोमा हर हिसाव सन्तोषजनक रहेको भाषागत लेखाईहरूमा कमि कमजारी रहेकोले शो लाई सच्याउन लगाईको र शो लाई शुधार गदै लगिएको पाईयो ।
- संस्थाले PEARLS MONITORING SYATEM अनुसार कारोबारहरूको स्तर मापन गर्ने गरेको तथा गुणस्तर सुधार गर्दै आएको देखिन्छ ।
- संस्थाले नगद कारोबारलाई ब्यवस्थित गर्न दश लाख भन्दा माथिको रकम बैकिंग कारोबार गरेको र तरलता ब्यवस्थापन लाई ध्यानमा राखि कर्जा लगानि कार्य गरेको पाईयो ।

- संस्था निति नियम भित्र रहि अनुशासित भै चल्नु पर्छ भन्ने मान्यता बमोजिम संस्थाको समिति, उप-समितिहरूका नियमित बैठक बसी सहकारी ऐन नियमहरु तथा नेपाल सरकार, प्रदेश सरकार, सहकारी विभाग तथा कार्यालयबाट भएका निर्देशन र पुःन लिखित विनियम २०७९, आन्तरीक कार्यविधिहरूको अधिनमा रही नियमित रूपले संस्था संचालनमा रहेको पाइयो ।
- संस्थाको पदाधिकारी, कर्मचारी तथा शेयर सदस्यहरूबाट संस्थाको हित विपरितको कार्य गरेको पाईएन ।
- संस्थाको ब्यवस्थापनलाई चुस्त र दुरूस्त राख्नको लागि तथा संस्थामा आउने समस्याहरूलाई ब्यवस्थित तरिकाले हल गर्नको लागि संचालक समिति तथा व्यवस्थापकज्यूलाई सल्लाह तथा सुझावहरु दिने गरेकोमा शोहि अनुसार गरेको पाईयो ।

अन्त्यमा,

संस्थाका सल्लाहकार, अभिभावक, शेयर सदस्यहरूबाट प्राप्त सुझावहरु कार्यान्वयन गर्दै लगिने व्यहोरा जानकारी गराउँदै मेरो प्रतिवेदन अन्त्य गर्न चाहान्छु ।

॥ जय सहकारी ॥

॥ जय डिलाईट ॥

कोषाध्यक्षको प्रतिवेदन

पुर्ण कुमार प्रजापति
कोषाध्यक्ष

यस संस्थाको १५ औं वार्षिक साधारणसभाका प्रमुख अतिथिज्यू, बिशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, संस्थाका सल्लाहकारज्यूहरु, संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, उप-समितिहरुका संयोजक तथा सदस्यज्यूहरु, हाम्रो यस संस्थामा आवद्ध भई सहकार्य गरिरहनु भएका सम्पूर्ण शेयर सदस्य महानुभावहरु, अहोरात्र खटि परिणाममुखि कार्य गर्ने कर्मचारीहरु तथा शुभेक्षुक महिला तथा सज्जनवृन्दमा म यस संस्थाको कोषाध्यक्षको तर्फबाट सहकारी अभिवादन व्यक्त गर्न चाहान्छु ।

आफ्नो सुन्दर भविष्यको सपना सार्थक तुल्याउन संस्थामा आवद्ध भई आफ्नो आय आर्जन बाट जो सकेको बचत गर्नु भई आफु आफ्नो सन्ततीको आर्थिक आवश्यकता समस्या समाधान गर्न तथा संस्थालाई उन्नतीपथमा पुऱ्याउन योगदान पऱ्याउनु हुने सम्पुण सदस्य महानुभाव प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु । देशमा आई परेका विभिन्न प्रकारका आर्थिक मन्दिलाई सिकाईको रूपमा लिएर कहिलै विचलित नभई आजसम्म एक उत्कृष्ट सहकारी डिलाईट सहकारीको पहिचान दिन सफल भएका छौ । सदस्यहरुको उच्च विश्वासलाई कायम राख्न कुनै कसर बाँकि राख्ने छैनौ ।

आ.व. २०७९।०८० को आर्थिक प्रगति प्रतिवेदन तथा प्रस्तावित बजेट संक्षिप्त रूपमा प्रस्तुत गर्न अनुमति चाहान्छु ।

१ संस्थाको चुक्ता शेयर पूँजी आ.व. ०७८।७९ मा रू.९,२२,८६,१००।- रहेकामा आ.व. ०७९।८० मा रू.९,२१,५७,९००।- भएको छ । आगामी बर्ष १८२७ शेयर सदस्य रहेकोमा आउने आ.व. २०८०।०८१ मा २११० पुराउने लक्ष लिएका छौ ।

२ संस्थाको निक्षेप हिसाव आ.व. ०७८।७९ मा रू. १७,२३,५७,५०६।- रहेकामा आ.व. ०७९।८० मा बृद्धी भई रू. १९,०७,६३,०८९।- भएको छ । आगामि आ.व. रू २५,०९,६४,१०८.८० पुराउने लक्ष लिएका छौ ।

३ कर्जा हिसाब : संस्थाको कर्जा हिसाब आ.व. ०७८।७९ मा रू. ३४,७०,६७,९२०।- रहेकामा यस आ.व. ०७९।८० मा रू. ३३,६४,७९,४६५।- लगानिमा रहेको छ । आगामि आ.व ०८०।०८१ मा जम्मा रू ३६,२१,५८,३०५।- कर्जा लगानि गर्ने लक्ष लिएका छौ ।

४ जगेडा कोष हिसाब : संस्थाको जगेडा कोष संस्थाको मेरूदण्ड हो । यसैले प्रत्येक बर्ष हाम्रो जगेडा कोष वृद्धि हुदै आईरहेको छ । आ.व. ०७८।७९ मा रू.२,६५,७२,८११.९१।- रहेकामा आ.व. ०७९।८० मा वृद्धि भई रू.३,३१,६४,५१७.०९।- भएको छ, भने आगामि आ.व. मा रू ४८,५१,०८९।- थप गरि जम्मा रू. ३,८०,१५,६०६.०९।- पुऱ्याउने लक्ष्य लिएका छौं ।

५ यस सभामा हामिले आ.व. २०८० ।०८१ को प्रस्तावित बजेट रू ४६,००,००,०००।- को लक्ष सहित प्रस्तुत गरेको छौ । आज कायम रहेको आर्थिक मन्दि आउने दिनहरूमा केहि सहज हुने आशा र हाम्रो लक्ष्य सहज हुदै जानेछ भन्ने हाम्रो अनुमान रहेको छ ।

६ संस्थालाई स्वस्थ सवल मजवुद बनाउन निती र विधिमा रहेर सम्भव छ भन्ने हाम्रो विश्वास रहेको छ । जस्को लागि हामीले संचालक समिति, लेखा समिति, अन्य उप-समिति कर्मचारी र सदस्य शिक्षा लाई विशेष जोड दिएर बजेटको ब्यवस्था गरेका छौं ।

७ संस्थाको स्थायीत्वको लागि संस्थाको नाममा रहेको जग्गामा स्टिल स्ट्रक्चर को घर निर्माण गरि कार्यालय आफ्नै भवनमा स्तानान्तरण गर्ने लक्ष्य लिएका थियौ तर कोरोनाको महामारी आर्थिक मन्दि लगायतका कारण आगामि बर्षमा पुरा गर्ने लक्ष लिएका छौं ।

८ स्थानीय जनतासँग सहकार्य गर्दै जनचेतनामूलक कार्यक्रम तथा रक्तदान लगायत अन्य सेवामूलक सामाजिक कार्यक्रमलाई अझ प्रभावकारी बनाउदै सदस्य मैत्रि बनाउने हाम्रो धारण रहेको छ ।

अन्त्यमा,

हाल कायम कोभिड १९ का दीर्घकालीन असरहरु, आर्थिक मन्दि, सहकारी प्रतिको नैरास्यता सुधार हुँदै जाने र देश आर्थिक सम्वृद्धि तर्फ लम्किने छ र हामिले तयार पारेको बार्षिक कार्यक्रम तथा बजेट पुरा गर्न सम्पुर्ण सदस्यहरु बाट साथ र सहयोग रहने छ भन्दै संस्था अझै सवल, स्वस्थ्य, निती र विधिमा रहेर ब्यक्तिगत स्वार्थ भन्दा माथि उठेर सदस्य हितका लागि सामुहिक निर्णयबाट संस्था संचालन गर्ने बाचा गर्न चाहान्छु । आर्थिक गतिविधी र बार्षिक कार्यक्रम तथा बजेटको पुर्ण पाठ हजुरहरूको हातैमा छ अध्यन गरि सल्लाह सुझावको आगि आग्रह गर्दै विदा लिन चाहान्छु ।

धन्यबाद

॥ जय सहकारी ॥

॥ जय डिलाईट ॥

डिलाईट बचत तथा ऋण सहकारी संस्था लिमिटेड

अनामनगर– २९, काठमाण्डौं, ।

आ.व ०८०/०८१ को प्रस्तावित वजेट

क.सं.	पूजी तथा दायित्व	०७९/८० को वास्तबिक	०७८/७९ को वास्तबिक	०७९/८० को बजेट	लक्ष्य प्राप्ती %	०८०/८१ को बजेट
१	शेयर पूँजी	९२,१५७,९००.००	९२,२८६,१००.००	९९,५००,०००.००	९३	७०,३९८,५००.००
२	जगेडा तथा अन्य कोष	६३,५७३,७५५.११	५३,१९१,९७२.१५	४६,२००,०००.००	१३८	६४,३१५,०७२.६४
४	बचत रकम	१९०,७६३,०८९.८०	१७२,३५७,५०६.९०	२३९,७१६,५००.००	८०	२५०,५७७,१६१.४८
५	तिर्नुपर्ने ऋण	६६,५७२,३११.५१	१०७,९१६,८६६.८०	१००,०००,०००.००	६७	६०,४१५,१२९.१७
६	उठ्नुपर्ने ब्याज	८,०२५,९५४.००	७,४४९,९००.००	८,५००,०००.००	९४	७,०००,०००.००
७	दायित्व हिसाव	२,४००,५८२.३६	२,१३९,७५१.१९	१,५००,०००.००	१६०	२,५००,०००.००
८	आय कर ब्यवस्था	२,०८९,८९०.४४	१,६१३,४६८.७६	२,०८३,५००.००	१००	४,७९४,१३६.७१
	जम्मा पूजि तथा दायित्व	**४२५,५८३,४८३.२३**	**४३६,९५५,५६५.८०**	**४९७,५००,०००.००**	**८५.५४**	**४६०,०००,०००.००**

क.सं.	पूजी तथा दायित्व	०७९/८० को वास्तबिक	०७८/७९ को वास्तबिक	०७९/८० को बजेट	लक्ष्य प्राप्ती %	०८०/८१ को बजेट
१	नगद बैक मौज्दात	५०,५३६,१३५.७३	५०,७३३,६१३.१९	५७,६१०,५१५.००	८८	५१,२८६,२८५.४६
२	कर्जा/ऋण लगानी	३३६,४७९,४६५.००	३४७,०६७,९२०.००	३९०,०००,०००.००	८६	३६२,१५८,३०५.३३
४	अन्य लगानी	१०,८५६,०००.००	१०८५६०००	१०,८५६,०००.००	१००	१०,६१८,४००.००
५	पाउनुपर्ने हिसाब	३,३८०,११२.८०	४,५५८,२८९.३९	२,५००,०००.००	१३५	२,०३६,२४६.२१
६	उठनुपर्ने ब्याज	८,०२५,९५४.००	७,४४९,९००.००	८,५००,०००.००	९४	७,०००,०००.००
७	स्थिर सम्पत्ति	९४२,१७९.२५	९३१४३८.२२	२,५००,०००.००	३८	१,५०२,१७९.००
८	घरजग्गा सम्पत्ति	१५२७६०००.००	१५२७६०००.००	२५,४३३,४८५.००	६०	२५,२७६,०००.००
९	अन्य सम्पत्ति	८७,६३६.४५	८२४०५	१००,०००.००	८८	१२२,५८४.००
	जम्मा सम्पत्ति	**४२५,५८३,४८३.२३**	**४३६,९५५,५६५.८०**	**४९७,५००,०००.००**	**८५.५४**	**४६०,०००,०००.००**

क.सं.	पूजी तथा दायित्व	०७९/८० को वास्तबिक	०७८/७९ को वास्तबिक	०७९/८० को बजेट	लक्ष्य प्राप्ती %	०८०/८१ को बजेट
१	कर्जाबाट ब्याज आम्दानी	५३,३९१,५२५.००	४६,७१६,६९६.००	५८,०००,०००.००	९२	५७,६६२,८४७.००
२	बैंकबाट प्राप्त ब्याज आम्दानी	३,८१६,५६९.३४	४,०३५,००१.४१	४,५००,०००.००	८५	४,०४५,५६३.५०
३	शेयर लाभांस /संरक्षित पुँजी फिर्ता कोष आम्दानी	१,८११,२९९.२९	१,६०३,९५१.६१	१,८००,०००.००	१०१	१,७७५,५९८.४६
४	विविध आम्दानी	४४०४१५४.९४	३६६१३२५.८३	४,५००,०००.००	९८	५,९३८,८११.१८
	जम्मा आय	**६३,४२३,५४८.५७**	**५६,०१६,९७४.८५**	**६८,८००,०००.००**	**९२.१९**	**६९,४२२,८२०.१४**

क.सं.	पूजी तथा दायित्व	०७९/८० को वास्तबिक	०७८/७९ को वास्तबिक	०७९/८० को बजेट	लक्ष्य प्राप्ती %	०८०/८१ को बजेट
१	बचतमा ब्याज खर्च	२०,२२८,४७३.२०	१६,८११,३६१.०५	२२,०००,०००.००	९२	२५,६९०,१६०.९६
२	कर्जामा ब्याज खर्च	११,५०५,२४४.८२	११,१०८,४१७.११	१३,०००,०००.००	८९	८,६२८,९३३.६२
३	ह्रास कट्टी	२३०,७५८.९७	२६०,३९८.००	३५०,०००.००	६६	२३०,७५८.९७
४	तलब खर्च	३,५५७,०४४.७४	३,९३७,१५०.९२	४,४००,०००.००	८१	३,५९२,८८१.६०
५	प्रशासनिक खर्च	४,३६८,१३७.००	३,८१८,८३७.००	४,४००,०००.००	९९	४,६००,०००.००
६	ऋण जोखिम ब्यवस्था खर्च	–	१,४००,५०८.९६	१,५००,०००.००	–	–
७	सम्पति बिकी खर्च	–	८,०५०.००	–	–	–
	जम्मा व्यय	३९,८८९,६५८.७३	३७,३४४,७२३.०४	४५,६५०,०००.००	८७.३८	४२,७४२,७३५.१५
	खुद बचत	२३,५३३,८८९.८४	१८,६७२,२५१.८१	२३,१५०,०००.००	१०१.६६	२६,६८०,०८४.९९
	कर्मचारी वोनस ब्यवस्था	८२३,६८६.१४	९३३,६१२.५९	२,३१५,०००.००	–	९३३,८०२.९७
	आय कर अघिको बचत	२२,७१०,२०३.७०	१७,७३८,६३९.२२	२०,८३५,०००.००	–	२५,७४६,२८२.०१
	यस बर्षको कर कट्टी ब्यबस्था	२,०८९,८९०.४४	१,६१३,४६८.७६	२,०८३,५००.००	१००.३१	४,७९४,१३६.७१
	खुद बचत बाडफाडकालागी प्राप्त	**२०,६२०,३१३.२६**	**१६,१२५,१७०.४६**	**१८,७५१,५००.००**	**१०९.९७**	**२०,९५२,१४५.३०**

आजको मितिमा संलग्न हाम्रो प्रतिवेदन अनुसार

अध्यक्ष	सचिव	कोषाध्यक्ष	प्रमुख कार्यकारी अधिकृत	लेखा / प्रशासन प्रमुख	लेखापरिक्षक
पुष्प बिष्ट	पदम नारायण त्रिपाठी	पुर्ण कुमार प्रजापति	प्रकाश लुईटेल	पवित्रा रायामाझी	डि. एल. श्रेष्ठ

D. L. SHRESTHA & ASSOCIATES

(ICAN Membership No. 7455 COP No. 1045, Category 'B') PAN: 301881032

Contact No. +977-9841286791, E-Mail : deltaauditing@gmail.com

स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन

डिलाईट बचत तथा ऋण सहकारी संस्था लि.का
शेयरसदस्य महानुभावज्यूहरू

हामीले डिलाईट बचत तथा ऋण सहकारी संस्था लि. अनामनगर, काठमाण्डौको यसैसाथ संलग्न आषाढ ३१, २०८० को वासलात, सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । यी वित्तीय विवरणहरूप्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । हाम्रो उत्तरदायित्व लेखापरीक्षणको आधारमा आर्थिक विवरणहरु उपर आफ्नो राय जारी गर्नु हो ।

नेपाल लेखापरीक्षणमान तथा सहकारी विभागको निर्देशनका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरणहरु सारभुतरूपमा गलत आँकडा रहित छन् भन्ने कुरामा विश्वस्त हुनका लागि लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपुर्ण लेखा अनुमान एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितीको मुल्याङ्न पनि लेखा परीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

हामीले परीक्षण गरेका वित्तीय विवरणहरूको आधारमा देहाय अनुसार प्रतिवेदन पेश गरेका छौं ।

क) लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानिएका सूचना एवं स्पष्टिकरणहरु उपलब्ध भएका छन् ।

ख) यस प्रतिवेदनसँग सम्बन्धित वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहकारी विभागबाट जारी भएका निर्देशनहरु एवं प्रचलित कानुनलाई पालना गरी तयार भएका छन् र संस्थाले राखेका हिसाब किताबसँग दुरूस्त रहेका छन् ।

ग) हामीले लेखापरीक्षण गरेका श्रेष्ताहरूको आधारमा संस्थाको कारोबार सन्तोजनक रहेको पाइयो ।

घ) हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र हामीले परीक्षण गरेका श्रेष्ताहरूबाट सञ्चालक समिति, कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले कानुनी व्यवस्था विरूद्ध कामकाज वा हानी नोक्सानी गरेको, सहकारी विभागले जारी गरेका निर्देशन पालना नगरेको वा संस्था, निक्षेपकर्ता तथा लगानीकर्ताहरूको हक वा सुरक्षा विपरित हुने कुनै काम गरेको पाएनौं, र हाम्रो रायमा संलग्न वित्तीय विवरणले नेपाल लेखामान तथा प्रचलित सिद्धान्त अनुसार आषाढ ३१, २०८० को वित्तीय स्थिती, सो मितिमा समाप्त वर्षको सञ्चालन नतिजा र नगद प्रवाहको सारभुत रूपमा यर्थाथ एवं समुचित चित्रण गर्दछ ।

(डम्बर लाल श्रेष्ठ)
रजिष्टर्ड लेखापरीक्षक
नि. डि.एल. श्रेष्ठ एण्ड एसोसिएटस्
ठेगानाः- नयाँबानेश्वर-१०, काठमाण्डौ,
मितिः २०८०।०५।१६

डिलाईट बचत तथा ऋण सहकारी संस्था लिमिटेड

अनामनगर– २९, काठमाण्डौं, ।

स्थिति विवरण पत्र (वासलात)

आ.व ०७९/०८०

क.सं.	पूँजी तथा दायित्व	अनूसुचि	यस बर्ष रू.	गत बर्ष रू.
१	शेयर पूँजी	१	९२,१५७,९००.००	९२,२८६,१००.००
२	जगेडा कोष	२	३३,१६४,५१७.०९	२६,५७२,८११.९१
३	अन्य कोषहरू	३	१८,५८७,६२९.४४	१४,३१५,२७८.४४
४	जोखिम बेहोर्ने कोष	४	११,८२१,६०८.५८	१२,३०३,८८१.८०
५	बचत रकम	५	१९०,७६३,०८९.८०	१७२,३५७,५०६.९०
६	तिर्नुपर्ने ऋण	६	६६,५७२,३११.५१	१०७,९१६,८६६.८०
७	उठ्नुपर्ने ब्याज		८,०२५,९५४.००	७,४४९,९००.००
८	दायित्व हिसाव	७	४,४९०,४७२.८०	३,७५३,२१९.९५
	जम्मा पूजि तथा दायित्व		**४२५,५८३,४८३.२२**	**४३६,९५५,५६५.७९**

क.सं.	पूँजी तथा दायित्व	अनूसुचि	यस बर्ष रू.	गत बर्ष रू.
१	नगद मौज्दात	८	२,४१०,२४४.७९	१,०८५,५३७.१९
२	बैंक मौज्दात	९	४८,१२५,८९०.९४	४९,६४८,०७६.००
३	कर्जा/ऋण लगानी	१०	३३६,४७९,४६५.००	३४७,०६७,९२०.००
४	अन्य लगानी	११	१०,८५६,०००.००	१०,८५६,०००.००
५	पाउनुपर्ने हिसाब	१२	३,३८०,११२.८०	४,५५८,२८९.३९
६	उठ्नुपर्ने ब्याज		८,०२५,९५४.००	७,४४९,९००.००
७	स्थिर सम्पत्ति	१३	१६,२१८,१७९.२५	१६,२०७,४३८.२२
८	अन्य सम्पत्ति	१४	८७,६३६.४५	८२,४०५.००
	जम्मा सम्पत्ति		**४२५,५८३,४८३.२२**	**४३६,९५५,५६५.८०**

आजको मितिमा संलग्न हाम्रो प्रतिवेदन अनुसार

अध्यक्ष	सचिव	कोषाध्यक्ष	प्रमुख कार्यकारी अधिकृत	लेखा / प्रशासन प्रमुख	लेखापरिक्षक
पुष्प बिष्ट	पदम नारायण त्रिपाठी	पुर्ण कुमार प्रजापति	प्रकाश लुईटेल	पवित्रा रायामाझी	डि. एल. श्रेष्ठ

डिलाईट बचत तथा ऋण सहकारी संस्था लिमिटेड

अनामनगर– २९, काठमाण्डौं, ।

आय-ब्यय हिसाब

आ.व ०७९/०८०

क.सं.	आय	अनुसूचि	यस बर्ष रू.	गत बर्ष रू.
१	कर्जाबाट ब्याज आम्दानी		५३,३९१,५२५.००	४६,७१६,६९६.००
२	बैंकबाट प्राप्त ब्याज आम्दानी		३,८१६,५६९.३४	४,०३५,००१.४१
३	शेयर लाभांस /संरक्षित पुँजी फिर्ता कोष आम्दानी	१५	१,८११,२९९.२९	१,६०३,९५१.६१
४	विविध आम्दानी	१६	४४०४१५४.९४	३,६६१,३२५.८३
	जम्मा आय		**६३,४२३,५४८.५७**	**५६,०१६,९७४.८५**
क्र. सं.	**व्यय**	**अनुसूचि**	**यस बर्ष रू.**	**गत बर्ष रू.**
१	बचतमा ब्याज खर्च		२०,२२८,४७३.२०	१६,८११,३६१.०५
२	कर्जामा ब्याज खर्च		११,५०५,२४४.८२	११,१०८,४१७.११
३	ह्रास कट्टी खर्च	१३	२३०,७५८.९७	२६०,३९८.००
४	तलब खर्च		३,५५७,०४४.७४	३,९३७,१५०.९२
५	प्रशासनिक खर्च	१७	४,३६८,१३७.००	३,८१८,८३७.००
६	ऋण जोखिम ब्यवस्था खर्च		–	१,४००,५०८.९६
७	सम्पति बिकी खर्च		–	८,०५०.००
	जम्मा व्यय		**३९,८८९,६५८.७३**	**३७,३४४,७२३.०४**
	खुद बचत		**२३,५३३,८८९.८४**	**१८,६७२,२५१.८१**
	कर्मचारी वोनस ब्यवस्था		**८२३,६८६.१४**	**९३३,६१२.५९**
	आय कर अघिको बचत		**२२,७१०,२०३.७०**	**१७,७३८,६३९.२२**
	यस बर्षको कर कट्टी ब्यबस्था		**२,०८९,८९०.४४**	**१,६१३,४६८.७६**
	खुद बचत बाडफाँडकालागी प्राप्त		**२०,६२०,३१३.२६**	**१६,१२५,१७०.४६**

आजको मितिमा संलग्न हाम्रो प्रतिवेदन अनुसार

अध्यक्ष	सचिव	कोषाध्यक्ष	प्रमुख कार्यकारी अधिकृत	लेखा / प्रशासन प्रमुख	लेखापरिक्षक
पुष्प बिष्ट	पदम नारायण त्रिपाठी	पुर्ण कुमार प्रजापति	प्रकाश लुईटेल	पवित्रा रायामाझी	डि. एल. श्रेष्ठ

डिलाईट बचत तथा ऋण सहकारी संस्था लिमिटेड

अनामनगर– २९, काठमाण्डौं, ।

नगद प्रवाह विवरण

आ.व ०७९/०८०

क.स	विवरण	यस वर्ष (रू)	गत वर्ष (रू)
क)	**कारोबार संचालनबाट नगर प्रवाह**	**१,०४,१०,७५१.९९**	**(३१,१२९,४३७.१५)**
१	नगद प्राप्ति	६,३४,२३,५४८.५७	५६,०१६,९७४.८५
१.१	ऋण लगानीबाट ब्याज आम्दानी	५३,३९१,५२५.००	४६,७१६,६९६.००
१.२	अन्य आम्दानी	१,००,३२,०२३.५७	९,३००,२७८.८५
२	**नगद भुक्तानी**	**(४,२०,२६,२११.५२)**	**(३७,७९५,७५७.२९)**
२.१	बचतमा ब्याज खर्च	(२,०२,२८,४७३.२०)	(१६,८११,३६१.०५)
२.२	कर्जामा ब्याज खर्च	(१,१५,०५,२४४.८२)	(११,१०८,४१७.११)
२.३	कर्मचारी खर्च	(३,५५७,०४४.७४)	(३,९३७,१५०.९२)
२.४	प्रशासनिक खर्च	(४,३६८,१३७.००)	(३,८१८,८३७.००)
२.५	आयकर भुक्तानी	(१,६१३,४६८.७६)	(१,२९२,१३८.२१)
२.६	कर्मचारी बोनस भुक्तानी	(७५३,८४३.००)	(८२७,८५३.००)
३	**संचालन सम्बन्धि चालु सम्पतिमा कमी/(वृद्धी)**	**११,१८५,३४६.१४**	**(६१,७९०,८१८.५८)**
३.१	ऋण लगानीमा कमी/(वृद्धी)	१०,५८८,४५५.००	(५७,७२१,१२५.००)
३.२	अन्य सम्पत्तीमा कमी/(वृद्धी)	५,९६,८९१.१४	(४,०६९,६९३.५८)
४	**संचालन सम्बन्धि चालु दायित्वमा (कमी)/वृद्धी**	**(२२,१७१,९३१.१९)**	**१२,४४०,१६३.८७**
४.१	निक्षेपमा (कमी)/वृद्धी	१८,४०५,५८२.९०	(१७,७९५,९५१.३४)
४.२	चालु दायित्व हिसाबमा (कमी)/वृद्धी	(४०,५७७,५१४.०९)	३०,२३६,११५.२१
ख)	**वित्तिय कारोबारबाट नगर प्रवाह**	**(१,०३,६६,७२९.४४)**	**३,५९३,५९५.१५**
	शेयर पुजीमा (कमी)/वद्धि	(१२८,२००.००)	१०,५७९,३००.००
	कोषमा (कमी)/वद्धि	(१,०२,३८,५२९.४४)	(६,९८५,७०४.८५)
ग)	**लगानी कारोबारबाट नगर प्रवाह**	**(२४१,५००.००)**	**(६९,२१५.००)**
१.	लगानीमा कमी/वृद्धी	–	–
२.	स्थिर सम्पत्ति खरिद	(२४१,५००.००)	(१५४,२१५.००)
घ)	स्थिर सम्पत्ति बिकी/उपलेखन	–	८५,०००.००
५	**यस वर्षको खुद नगर प्रवाह (क+ख+ग)**	**१,९७,४७७.४५**	**(२७,६०५,०५७.०१)**
ङ)	**शुरू नगद तथा बैक मौज्दात**	**५,०७,३३,६१३.१९**	**७८,३३८,३७०.१९**
च)	**अन्तिम नगद तथा बैक मौज्दात (घ+ङ)**	**५,०५,३६,१३५.७३**	**५०,७३३,६१३.१९**

आजको मितिमा संलग्न हाम्रो प्रतिवेदन अनुसार

अध्यक्ष	सचिव	कोषाध्यक्ष	प्रमुख कार्यकारी अधिकृत	लेखा / प्रशासन प्रमुख	लेखापरिक्षक
पुष्प बिष्ट	पदम नारायण त्रिपाठी	पुर्ण कुमार प्रजापति	प्रकाश लुईटेल	पवित्रा रायामाझी	डि. एल. श्रेष्ठ

डिलाईट बचत तथा ऋण सहकारी संस्था लिमिटेड

अनामनगर– २९, काठमाण्डौं, ।

अनुसूचीहरूको विवरण

आ.व ०७९/०८०

शेयर पूँजी विवरण **अनुसूचि १**

क्र.स.	विवरण	यस बर्ष रू.	गत बर्ष रू.
१	शेयर पूँजी प्रति शेयर १०० ले	९२,१५७,९००.००	९२,२८६,१००.००
	जम्मा	**९२,१५७,९००.००**	**९२,२८६,१००.००**

जगेडा कोष **अनुसूचि २**

क्र.स.	विवरण	गत बर्षको रू.	यस बर्षको थप रू.	यस बर्ष रू.
१	जगेडा कोष	२६,५७२,८११.९१	६,५९१,७०५.१८	३३,१६४,५१७.०९
	जम्मा	**२६,५७२,८११.९१**	**६,५९१,७०५.१८**	**३३,१६४,५१७.०९**

अन्य कोषहरू **अनुसूचि ३**

क्र.स.	विवरण	गत बर्षको रू	यस बर्षको थप रू.	यस बर्षको खर्च रू.	यस बर्ष रू.
१	सहकारी प्रर्वधन कोष	६०,४६९.३९	७७,३२६.१७	६०,४६९.३९	७७,३२६.१७
२	संरक्षित पूँजी फिर्ता कोष	३,०२३,४६९.४६	३,८६६,३०८.७४	३,०२३,४६९.४६	३,८६६,३०८.७४
३	सहकारी शिक्षा कोष	४५०,४९६.९५	५७६,०८०.००	४५०,४९६.९५	५७६,०८०.००
४	संस्था बिकास कोष	४५०,४९६.९५	५७६,०८०.००	४५०,४९६.९५	५७६,०८०.००
५	घाटापुर्ति कोष	१,८८१,२३२.६२	१,०४१,८५२.९३	–	२,९२३,०८५.५५
६	सहकारी स्थिरीकरण कोष	४५०,४९६.९५	५७६,०८०.००	४५०,४९६.९५	५७६,०८०.००
७	डुबन्त ऋण कोष	४६५,७७२.९३	–	४६५,७७२.९३	–
८	सामुदायिक विकास कोष	४५०,४९६.९५	५७६,०८०.००	४५०,४९६.९५	५७६,०८०.००
९	अन्य जोखिम ब्यवस्थापन कोषहरू	७७५,३८८.९५	५७६,०८०.००	–	१,३५१,४६८.९५
१०	शेयर लाभांश कोष	६,३०६,९५७.३०	८,०६५,१२०.०२	६,३०६,९५७.३०	८,०६५,१२०.०२
	जम्मा	**१४,३१५,२७८.४४**	**१५,९३१,००७.८७**	**११,६५८,६५६.८७**	**१८,५८७,६२९.४४**

आजको मितिमा संलग्न हाम्रो प्रतिवेदन अनुसार

अध्यक्ष	सचिव	कोषाध्यक्ष	प्रमुख कार्यकारी अधिकृत	लेखा / प्रशासन प्रमुख	लेखापरिक्षक
पुष्प बिष्ट	पदम नारायण त्रिपाठी	पुर्ण कुमार प्रजापति	प्रकाश लुईटेल	पवित्रा रायामाझी	डि. एल. श्रेष्ठ

जोखिम बेहोर्ने कोष **अनुसूचि ४**

क्र.स.	विवरण	गत बर्षको रू.	यस बर्षको थप रू.	यस बर्ष रू.
१	असल कर्जा १ प्रतिशत	३,३२९,६४७.००	(८३,११५.०७)	३,२४६,५३१.९३
२	संकास्पद कर्जा ३५ प्रतिशत	२,७६१,७६१.८०	(१,०११,११८.१५)	१,७५०,६४३.६५
३	खराव कर्जा १०० प्रतिशत	६,२१२,४७३.००	६११,९६०.००	६,८२४,४३३.००
	जम्मा	**१२,३०३,८८१.८०**	**(४८२,२७३.२२)**	**११,८२१,६०८.५८**

कुल बचत रकम **अनुसूचि ५**

क.सं.	विवरण	यस बर्ष रू.	गत बर्ष रू.
१	साधारण बचत खाता	८,४७०,९६०.३९	१४,०५८,३०५.२६
२	गृह लक्ष्मी बचत खाता	७,७५८,८२१.३३	६,७३७,०००.३०
३	आवधिक बचत एकमुष्ट खाता	१३१,१५५,९७५.७६	९९,९५०,८८७.५३
४	खुव्रुके बचत खाता	३,२२३,६८७.७७	३,३६०,२५०.५९
५	बाल बचत खाता	२१४,६५५.४७	२२५,७५३.८२
६	मापसे बचत खाता	७७१,३८७.८६	५९९,२५५.५१
७	वृद्ध तथा अपांग बचत खाता	६२४,४४५.५७	६६३,१९४.०३
८	क्रमिक आवधिक बचत खाता	१६,६६४,३१८.२८	१६,६८३,०५९.२८
९	डिलाईट आजिवन बचत खाता	३,८८५,९९०.५४	२,७९२,१७१.७१
१०	डिलाईट बिशेष बचत खाता	१७,१४७,४०२.१४	२६,३७९,६४०.३४
११	लघुबित्त बचत खाता	८४५,४४४.६९	९०७,९८८.५३
	जम्मा	**१९०,७६३,०८९.८०**	**१७२,३५७,५०६.९०**

तिर्नुपर्ने ऋण **अनुसूचि ६**

क.सं.	विवरण	यस बर्ष रू.	गत बर्ष रू.
१	राष्ट्रिय सहकारी बैंक लि.	३१,१५५,६४४.१७	६०,८२४,९७४.४७
२	नेपाल बचत तथा ऋण सहकारी सघं	३४,१६६,६६६.७२	४४,१६६,६६४.००
३	युवा स्वरोजगार	१,२५०,०००.६२	२,९२५,२२८.३३
	जम्मा	**६६,५७२,३११.५१**	**१०७,९१६,८६६.८०**

आजको मितिमा संलग्न हाम्रो प्रतिवेदन अनुसार

अध्यक्ष	सचिव	कोषाध्यक्ष	प्रमुख कार्यकारी अधिकृत	लेखा / प्रशासन प्रमुख	लेखापरिक्षक
पुष्प बिष्ट	पदम नारायण त्रिपाठी	पुर्ण कुमार प्रजापति	प्रकाश लुईटेल	पवित्रा रायामाझी	डि. एल. श्रेष्ठ

दायित्व हिसाब **अनुसूचि ७**

क.सं.	विवरण	यस बर्ष रू.	गत बर्ष रू.
१	आयकर ब्यवस्था	२,०८९,८९१.२८	१,६१३,४६८.७६
२	ब्याज तथा अन्य कर	५१९,८०१.१९	३२५,८३६.९१
३	लेखा परिक्षण शुल्क	४६,७५०.००	४९,२५०.००
४	निस्कृय बचत तथा शेयर	१२३,६०५.७८	१२३,६०५.७८
५	सामाजिक सुरक्षा कोष	४८,४१२.७०	४८,८८९.७९
६	कर्मचारी वोनस ब्यवस्था	१,६६२,०११.८५	१,५९२,१६८.७१
	जम्मा	**४,४९०,४७२.८०**	**३,७५३,२१९.९५**

नगद मौज्दात **अनुसूचि ८**

क.सं.	विवरण	यस बर्ष रू.	गत बर्ष रू.
१	काउन्टरमा भएको नगद	२,४१०,२४४.७९	१,०८५,५३७.१९
	जम्मा	**२,४१०,२४४.७९**	**१,०८५,५३७.१९**

बैंक मौज्दात **अनुसूचि ९**

क.सं.	विवरण	यस बर्ष रू.	गत बर्ष रू.
१	राष्ट्रिय सहकारी बैंक लि.	४५,०३०,८२८.१०	३०,४५९,९७१.९०
२	रोयल बहुउदेस्य सहकारी संस्था लि.	-	१०,८०८,४२१.८६
३	प्रभु बैंक लि.	१,२३९,००६.६१	१४५,०४२.७३
४	नेपाल बचत तथा ऋण सहकारी सघं	१,७७४,३५५.४६	६,८७८,८६८.२५
५	ग्लोबल आईएमई बैंक लि.	४१,०९९.७५	४९,९२३.७५
६	सांग्रीला बिकास बैंक लि.	३५,६०१.०२	१,२८४,९७२.०१
७	निभाटो बचत तथा ऋण सहकारी संस्था लि.	-	१५,८७५.५०
८	कृषि बिकास बैंक	५,०००.००	५,०००.००
	जम्मा	**४८,१२५,८९०.९४**	**४९,६४८,०७६.००**

आजको मितिमा संलग्न हाम्रो प्रतिवेदन अनुसार

अध्यक्ष	सचिव	कोषाध्यक्ष	प्रमुख कार्यकारी अधिकृत	लेखा / प्रशासन प्रमुख	लेखापरिक्षक
पुष्प बिष्ट	पदम नारायण त्रिपाठी	पुर्ण कुमार प्रजापति	प्रकाश लुईटेल	पवित्रा रायामाझी	डि. एल. श्रेष्ठ

कर्जा/ऋण लगानी **अनुसूचि १०**

क.सं.	विवरण	यस बर्ष रू.	गत बर्ष रू.
१	ब्यवसायीक कर्जा	१८५,५२५,३६८.००	२०४,६९२,६२१.००
२	घर जग्गा कर्जा	७४,२५६,८७८.००	७४,३५४,०६८.००
३	घरायसी कर्जा	४७,१५५,३७७.००	४३,५९५,२२९.००
४	आवधिक बचत कर्जा	२३,२०९,९१६.००	१६,३१०,८०३.००
५	स्वरोजगार कर्जा	१,३१०,७५७.००	२,९१६,५०७.००
६	हायरपर्चेज कर्जा	२,८४९,४००.००	३,७८७,८४८.००
७	डिलाईट सरल कर्जा	१,७७२,४००.००	९१३,४७५.००
९	लघुबित्त कर्जा	२०६,३६९.००	३००,३६९.००
१०	बैदेशिक रोजगार कर्जा	१९३,०००.००	१९७,०००.००
	जम्मा	**३३६,४७९,४६५.००**	**३४७,०६७,९२०.००**

अन्य लगानी (शेयरमा लगानी) **अनुसूचि ११**

क.सं.	विवरण	यस बर्ष रू.	गत बर्ष रू.
१	नेपाल बचत तथा ऋण सहकारी सघं	२५०,०००.००	२५०,०००.००
२	महेन्द्र नारायण निधि मेमोरीयल हस्पिटल	५००,०००.००	५००,०००.००
३	राष्ट्रिय सहकारी बैंक लि.	१०,००१,०००.००	१०,००१,०००.००
४	स्वास्थ्य बिकास सहकारी सघं	१००,०००.००	१००,०००.००
५	जिल्ला सहकारी सघं	५,०००.००	५,०००.००
	जम्मा	**१०,८५६,०००.००**	**१०,८५६,०००.००**

पाउनुपर्ने हिसाब **अनुसूचि १२**

क.सं.	विवरण	यस बर्ष रू.	गत बर्ष रू.
१	अग्रिम आयकर	१,७२६,४२३.५२	२,०२४,००३.४४
२	प्रभु मनि ट्रान्सफर	२,१७१.६८	४८०,४४८.५८
३	सिटि मनि एक्सप्रेस	-	१२५,६८८.२९
४	यूनाएइटेड इन्सुरेन्स	११,८००.००	-
५	आइ एमइ रेमिट	२८०,७००.००	३००,०००.००
६	इशेवा	३५,२६७.६०	८,७१७.०८
७	नेपाल टेलिकम (डिपोजिट)	-	१०,५३२.००
८	अन्य पाउनुपर्ने हिसाब	१,३२३,७५०.००	१,६०८,९००.००
	जम्मा	**३,३८०,११२.८०**	**४,५५८,२८९.३९**

आजको मितिमा संलग्न हाम्रो प्रतिवेदन अनुसार

अध्यक्ष	सचिव	कोषाध्यक्ष	प्रमुख कार्यकारी अधिकृत	लेखा / प्रशासन प्रमुख	लेखापरिक्षक
पुष्प बिष्ट	पदम नारायण त्रिपाठी	पुर्ण कुमार प्रजापति	प्रकाश लुईटेल	पवित्रा रायामाझी	डि. एल. श्रेष्ठ

०८० साल आषाढ मसान्तको ह्रास कट्टी तथा स्थिर सम्पति विवरण **अनुसूचि १३**

क.सं.	विवरण	गत बर्ष बाट सारेको	यस बर्षको थप	समायोजन	जम्मा मुल्य	ह्रासकट्टी दर	ह्रासकट्टी	यस वर्षको खुद सम्पति
१	जग्गा	१५,४३३,४८५.००	-	-	१५,४३३,४८५.००	-	-	१५,४३३,४८५.००
२	फर्निचर	११८,१३२.८०	-	-	११८,१३२.८०	२५%	२९,५३३.२०	८८,५९९.६०
३	कार्यलय उपकरण	३७१,०५४.२०	२९,६००.००	-	४००,६५४.२०	२५%	१००,१६३.५५	३००,४९०.६५
४	विविध सामान	१७,९०६.५२	-	-	१७,९०६.५२	२५%	४,४७६.६३	१३,४२९.८९
५	हाजिरी मेसिन	४,५४९.५७	-	-	४,५४९.५७	२५%	१,१३७.३९	३,४१२.१८
६	अलाराम मेसिन	४,५८८.५०	-	-	४,५८८.५०	२५%	१,१४७.१३	३,४४१.३८
७	मोटरबाईक	१७०,३५६.६६	२११,९००.००	-	३८२,२५६.६६	२०%	७६,४५१.३३	३०५,८०५.३२
८	स्कुटी	७९,८३०.४०	-	-	७९,८३०.४०	२०%	१५,९६६.०८	६३,८६४.३२
९	मादल	१,२३०.४७	-	-	१,२३०.४७	२५%	३०७.६२	९२२.८५
१०	सफ्टवेयर	३,२२५.५२	-	-	३,२२५.५२	२५%	८०६.३८	२,४१९.१४
११	वेभ साइट	१,०१६.३४	-	-	१,०१६.३४	२५%	२५४.०९	७६२.२६
१२	थर्ममिटर	२,०६२.२४	-	-	२,०६२.२४	२५%	५१५.५८	१,५४६.६६
जम्मा		**१६,२०७,४३८.२२**	**२४१,५००.००**	**-**	**१६,४४८,९३८.२२**		**२३०,७५८.९७**	**१६,२१८,१७९.२५**

मसलन्द मौज्दात **अनुसूचि १४**

क.सं.	विवरण	गत बर्षको रू	यस बर्षको थप	जम्मा	समायोजन	यस वर्षको खुद सम्पति
१	मसलन्द मौज्दात	८२,४०५.००	२६,०५०.००	१०८,४५५.००	२०,८१८.५५	८७,६३६.४५
जम्मा		**८२,४०५.००**	**२६,०५०.००**	**१०८,४५५.००**	**२०,८१८.५५**	**८७,६३६.४५**

आजको मितिमा संलग्न हाम्रो प्रतिवेदन अनुसार

अध्यक्ष	सचिव	कोषाध्यक्ष	प्रमुख कार्यकारी अधिकृत	लेखा / प्रशासन प्रमुख	लेखापरिक्षक
पुष्प बिष्ट	पदम नारायण त्रिपाठी	पुर्ण कुमार प्रजापति	प्रकाश लुईटेल	पवित्रा रायामाझी	डि. एल. श्रेष्ठ

शेयर लाभांस /संरक्षित पुजी फिर्ता कोष आम्दानी **अनुसूचि १५**

क.सं.	विवरण	यस बर्ष रू.	गत बर्ष रू.
१	शेयर लाभांस आम्दानी	१,४५४,२९०.९७	१,४३७,७२३.५०
२	संरक्षित पुँजी फिर्ता कोष आम्दानी	३५७,००८.३२	१६६,२२८.११
	जम्मा	**१,८११,२९९.२९**	**१,६०३,९५१.६१**

विविध आम्दानी **अनुसूचि १६**

क.सं.	विवरण	यस बर्ष रू.	गत बर्ष रू.
१	संस्था बिकास शुल्क आम्दानी	२,०९८,०६८.००	२,६०२,११३.००
२	विलम्व शुल्क आम्दानी	१,४६४,६३५.००	८०६,०३७.००
३	ऋण जोखिम ब्यवस्था आम्दानी	४८२,२७३.२१	-
४	अपलेखन गरिएको ऋण आम्दानी	२०५,०००.००	६१,०००.००
५	विविध आम्दानी	७४,८७७.६१	७६,३५०.००
६	रेमिट आम्दानी	५१,५०१.१२	८१,६२५.०१
७	प्रबेश शुल्क आम्दानी	१२,०००.००	२२,८००.००
८	खाता बन्द शुल्क आम्दानी	१०,८००.००	११,४००.८२
९	घर जग्गा भाडा आम्दानी	५,०००.००	-
	जम्मा	**४,४०४,१५४.९४**	**३,६६१,३२५.८३**

आजको मितिमा संलग्न हाम्रो प्रतिवेदन अनुसार

अध्यक्ष	सचिव	कोषाध्यक्ष	प्रमुख कार्यकारी अधिकृत	लेखा / प्रशासन प्रमुख	लेखापरिक्षक
पुष्प बिष्ट	पदम नारायण त्रिपाठी	पुर्ण कुमार प्रजापति	प्रकाश लुईटेल	पवित्रा रायामाझी	डि. एल. श्रेष्ठ

प्रशासनिक खर्च **अनुसूचि १७**

क.सं.	विवरण	यस बर्ष रू.	गत बर्ष रू.
१	विद्युत तथा पानी खर्च	७८,०२०.००	८१,००२.००
२	सहकारी विकास खर्च	६,३१७.००	१५६,०९०.००
३	कर्जा प्रक्रियागत तथा अन्य शुल्क खर्च	-	१२५,०००.००
४	कानुनी पकृयागत खर्च	२५४,५८३.००	-
५	सेवा शुल्क खर्च	३०,०००.००	२९,९६४.००
६	बार्षिक साधारण सभा, सेमिनार तथा अन्य खर्च	९४७,५१८.००	६८०,३००.००
७	इन्सुरेन्स खर्च	१८,९३२.००	२७,९९७.००
८	भान्शा तथा अतिथि सत्कार खर्च	१११,०९९.००	१०८,६३४.००
९	टेलिफोन तथा इन्टरनेट खर्च	९२,८४८.००	९७,७८०.००
१०	कर्मचारी टीफीन खर्च	१७२,५९०.००	१७८,९७०.००
११	परामर्श खर्च	२४०,०००.००	३३,३३३.००
१२	विविध खर्च	१००,१९३.००	१३३,४४७.००
१३	यातायात खर्च	३१४,०५५.००	३३३,९७५.००
१४	लक्ष्मी पूजा खर्च	१३,८११.९५	१५,८४०.००
१५	बैठक भत्ता खर्च	३९२,७००.००	३८२,२००.००
१६	भ्रमण भत्ता खर्च	४६,८००.००	२०,४००.००
१७	भ्रमण खर्च	८३,३६५.००	-
१८	घरभाडा खर्च	६७८,०६८.००	६०७,८००.००
१९	छपाइ तथा स्टेशनरी खर्च	१३६,३०२.५५	१९८,०९३.००
२०	मर्मत सम्भार खर्च	१२९,४६५.००	११५,६३८.००
२१	लेखा परिक्षण (तिर्न बाँकी) खर्च	५५,०००.००	५०,०००.००
२२	सुरक्षा गार्ड खर्च	२८४,७६०.००	२८४,७६०.००
२३	रेट एण्ड टेक्स खर्च	२७,३००.००	२५,२००.००
२४	बैंक चार्ज खर्च	३,३९६.००	४,५८४.००
२५	पेटोल खर्च	१५१,०१३.५०	१२७,८३०.००
	जम्मा	**४,३६८,१३७.००**	**३,८१८,८३७.००**

आजको मितिमा संलग्न हाम्रो प्रतिवेदन अनुसार

अध्यक्ष	सचिव	कोषाध्यक्ष	प्रमुख कार्यकारी अधिकृत	लेखा / प्रशासन प्रमुख	लेखापरिक्षक
पुष्प बिष्ट	पदम नारायण त्रिपाठी	पुर्ण कुमार प्रजापति	प्रकाश लुईटेल	पवित्रा रायामाझी	डि. एल. श्रेष्ठ

डिलाईट बचत तथा ऋण सहकारी संस्था लिमिटेड

अनामनगर– २९, काठमाण्डौं, ।

आ.व ०७९/०८० को प्रमुख लेखा निति

संस्थाको स्थापना र उदेश्य

डिलाईट बचत तथा ऋण सहकारी संस्था लि सहकारी ऐन २०७४ अन्तर्गत सहकारी विभाग काठमाडौं जिल्लामा दर्ता भएको सहकारी संस्था हो । यसको कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९, अनामनगरमा रहेको छ । संस्थाको बिनियम तथा सहकारी विभागबाट जारी भएको निर्देशन बमोजिम शेयर सदस्यबाट बचत संकलन गरी बचत रकमलाई सुरक्षित तथा ब्यवस्थित ढंगबाट लगानी गरी शेयर सदस्यबीच आर्थिक उन्नती गर्नु यसको उद्देश्य रहेको छ ।

वित्तीय विवरण प्रस्तुतिकरण तथा लेखापालनका आधार

वित्तीय विवरणहरु अन्यथा उल्लेख गरिएकामा बाहेक ऐतिहासिक लागत प्रणालिको आधारमा दोहोरो लेखा प्रणाली बमोजिम लेखा ब्यवस्थापन गरिएको छ र नेपाल लेखामान अनुसार तथा सहकारी ऐन नियमावलि तथा सहकारी विभागका निर्देशनहरुको पालना गरिएको छ ।

आय लेखांकनका आधार

ब्याजको आय नगद प्राप्तिको आधारमा लेखांकन गरिएको ३६५ दिनलाई आधार बार्षिक ब्याज आय गणना गरिएको छ । अन्य लगानिमा सम्बन्धित संस्थाले उपलब्ध गराएको विवरण बमोजिम आय लेखांकन गरिएको छ ।

स्थिर सम्पत्ति तथा ह्रास कट्टी

क) स्थिर सम्पत्तिहरुको लेखांकन ऐतिहासिक लागत मुल्य (Historical Cost Concept) र सोको खरिद तथा जडान लागत समेत समावेस गरी पूँजीकरण गर्ने गरिएको छ ।

ख) स्थिर सम्पत्तिहरुको ह्रस कट्टी, आयकर ऐन २०५८ को अनुसुची २ ले निर्दिष्ट गरेको दर तथा तरिकाले घट्दो दरमा हिसाब गरी नाफा नोक्सान हिसाबमा खर्च देखाईएको छ ।

लगानी

संस्थाले हाल सम्म अन्य (शेयरमा) देहाय बमोजिम लगानी गरेको छ ।

क.सं.	विवरण	यस बर्ष रू.
१	नेपाल बचत तथा ऋण सहकारी सघं	२५०,०००.००
२	महेन्द्र नारायण निधि मेमोरीयल हस्पिटल	५००,०००.००
३	राष्ट्रिय सहकारी बैंक लि.	१०,००१,०००.००
४	स्वास्थ्य बिकास सहकारी सघं	१००,०००.००
५	जिल्ला सहकारी सघं	५,०००.००
	जम्मा	**१०,८५६,०००.००**

ब्याज खर्च तथा ब्याज आम्दानीको लेखाङ्कन

क) कर्जामा पाकेको ब्याज तथा आम्दानीलाई प्रोदभावी आधारमा (Accrual Basis) गणना गरी प्राप्त हुन बाँकी ब्याजलाई मुल्तबि (Intrest Suspense) हिसावमा लेखाङ्कन गरिएको छ र सहकारी विभागको निर्देशिका अनुसार नगद प्रप्ति (Cash Basis) आधारमा ब्याज आम्दानी

जनाउने गरिएको छ .

ख) निक्षेप दयित्वमा दिईने ब्याज खर्च सदस्यसँग गरिएको सम्झौता अनुसार प्रोदभावी आधारमा (Accrual Basis) खर्च लेख्ने गरिएको छ ।

कर्जा लगानी नीति तथा कर्जा नोक्सानी व्यवस्था

क) संस्थाले ऋण आन्तरिक कार्यविधी - २०७९ अनुसार लगानी गर्ने गरेको छ साथै केही कर्जा बिना धितो पनि लगानि गर्ने गरिएको छ ।

ख) सहकारी विभागद्वारा निर्दिष्ट गरेको सहकारी संघ संस्थामा शुशासन प्रवर्द्धनको लागि एकीकृत मार्ग निर्देशन २०७९ सहकारी विभागद्वारा निर्दिष्ट गरेको नियम तथा सहकारी मापदण्ड २०६८ ले गरे अनुसार व्यवस्था गर्नुपर्ने संम्भावित नोक्सानी व्यवस्था रकम रु १,१८,२१,६०८.५८ व्यवस्था गरिएको छ ।

आयकर तथा ब्यवस्था रकम

आयकर ऐन बमोजिम खुद बचत (नाफा) मा १० प्रतिशतले हुन आउने रकम रु २०,८९,८९०.४४ आयकर व्यवस्था गरिएको छ ।

लेखासंग सम्बद्ध टिप्पणीहरू

१ शेयर पुजीत

प्रस्तुत बर्ष सम्ममा रू ९,२१,५७,९००।- शेयर पुँजी विभिन्न शेयर सदस्यहरूबाट संकलन गरिएको छ ।

२ ऋण लगानी तथा असुलीको विवरण

यस आर्थिक वर्षमा संस्थाले ऋण लगानी तथा असुली गरी तपशिल बमोजिम ऋण बांकी रहेको छ ।

क्र.सं.	विवरण	यस बर्ष रू.
१	ब्यवसायीक कर्जा	१८,५५,२५,३६८.००
२	घर जग्गा कर्जा	७,४२,५६,८७८.००
३	घरायसी कर्जा	४,७१,५५,३७७.००
४	आवधिक बचत कर्जा	२,३२,०९,९१६.००
५	स्वरोजगार कर्जा	१३,१०,७५७.००
६	हायरपर्चेज कर्जा	२८,४९,४००.००
७	डिलाईट सरल कर्जा	१७,७२,४००.००
८	डिलाईट बिशेष कर्जा	-
९	लघुबित्त कर्जा	२,०६,३६९.००
१०	बैदेशिक रोजगार कर्जा	१,९३,०००.००
	जम्मा	**३३,६४,७९,४६५.००**

३ आर्थिक वर्ष भरिमा निक्षेप दायित्व

यस आ.ब.मा संस्थाले विभिन्न शिर्षकहरूमा बचत स्वीकार र बचत फिर्ता गरी रू १९,०७,६३,०८९.८० बचत रकम कायम गरेको छ ।

४ अन्य लगानी सम्बन्धि विवरण

संस्थाले हाल सम्म अन्य (शेयरमा) देहाय बमोजिम लगानी गरेको छ ।

क्र.सं.	विवरण	यस बर्ष रू.
१	नेपाल बचत तथा ऋण सहकारी सघं	२५०,०००.००
२	महेन्द्र नारायण निधि मेमोरीयल हस्पिटल	५००,०००.००

३	राष्ट्रिय सहकारी बैंक लि.	१०,००१,०००.००
४	स्वास्थ्य बिकास सहकारी सघं	१००,०००.००
५	जिल्ला सहकारी सघं	५,०००.००
	जम्मा	**१०,८५६,०००.००**

५ आयकर तथा ब्यवस्था रकम

आयकर ऐन बमोजिम खूद बचत (नाफा) मा १० प्रतिशतले हुन आउने रकम रू २०,८९,८९०.४४ आयकर व्यवस्था गरिएको छ ।

६ जगेडा कोषमा राखिएको रकम

जगेडा कोषमा विनियममा ब्यवस्था भए बमोजिम खूद बचत (आयकर ब्यवस्था पश्चातको नाफा) मा २५ प्रतिशतले हुने रकम रू ६५,९१,७०५.१८ जगेडा कोषमा मिलान गरिएको छ र बाँकि रकम विनियम बमो जिम अन्य कोषहरूमा बाँडफाट गरिएको छ ।

७ ब्याज मुल्तवि सम्बन्धि रकम

संस्थाको लगानिमा रहेको ऋणमा नगदको आधारमा ब्याज आय लेखांकन गरिएको र प्राप्त हुन बांकि ब्याज रू ८०,२५,९५४.०० उठ्न बाकि ब्याज हिसाबमा तथा मुल्तवि हिसाब दायित्वमा राखिएको छ ।

८ अपलेखन गर्न बाकि विवरण

संस्थाको लागानिमा रहेको एक बर्ष भन्दा बढि भाका नाघेका कर्जाहरू मध्येबाट रू ४८,४३,१२६.०० कर्जा अपलेखन गरिएको पाईयो ।

९ मौज्दात सामाग्री

यस आ. ब. मा खरीद भएका खर्च भएर जाने सामाग्रिलाई सम्पूर्ण रकमहरू खर्चमा लेखांकन गरिएको छ भने मसलन्द सामान मौज्दात रू ८७,६३६.४५ रहेको छ ।

१० वित्तीय विवरणका अंकहरूको पुनरतालिकिकरण

आवश्यक्ता बमोजिम हिसाबका शिर्षक तथा समूहहरूको पुनरतालिकिकरण तथा पुर्नसमूह गरिएको छ ।

११. कर्जा लगानी सम्बन्धमा

सहकारी ऐन २०७४ बमोजिमको पूंजीकोषको १० प्रतिशत भन्दा बढी एक सदस्यलाई कर्जा प्रबाह नभएको साथै धितो सुरक्षण जमानतमा र धितो मूल्यांकन गरेर मात्र कर्जा प्रवाह गर्नुपर्ने हाम्रो राय छ ।

१२. पेश्की रकम सम्बन्धमा

संस्थाका अन्य पाउनुपर्ने रकम पनि असुल गर्नुपर्ने हाम्रो राय छ ।

१३. पर्ल्स मापन

संस्थाको आर्थिक गतिविधीलाई पर्ल्स पद्धतिबाट मापन गर्दा केही ईन्डीकेटरहरू सही रहेको र बाकीं ईन्डीकेटरहरूलाई पनि सहि ठाउंमा ल्याउनुपर्ने हाम्रो राय छ ।

अध्यक्ष	सचिव	कोषाध्यक्ष	प्रमुख कार्यकारी अधिकृत	लेखा / प्रशासन प्रमुख	लेखापरिक्षक
पुष्प बिष्ट	पदम नारायण त्रिपाठी	पुर्ण कुमार प्रजापति	प्रकाश लुईटेल	पवित्रा रायामाझी	डि. एल. श्रेष्ठ

डिलाईट बचत तथा ऋण सहकारी संस्था लिमिटेड

अनामनगर– २९, काठमाण्डौं, ।

बचत तथा ऋण खाताको ब्याज दर

क.स.	बचत खाताको प्रकार	खाताको सुचक	१ बर्षे	२ बर्षे	३ बर्षे
१	मापसे कमिक आबधिक बचत (दैनिक न्यूनतम मौज्जातमा ब्याज)	MPS	छैन	१०	छैन
२	गृहिणी कमिक आबधिक बचत खाता (दैनिक न्यूनतम मौज्जातमा ब्याज)	HSS	छैन	१०	छैन
३	कमिक आबधिक बचत खाता (दैनिक न्यूनतम मौज्जातमा ब्याज)	RFDM	९	९.५	१०
४	खुत्रुके आबधिक बचत खाता (दैनिक न्यूनतम मौज्जातमा ब्याज)	SS	९	९.५	१०
५	बाल कमिक आबधिक बचत खाता (दैनिक न्यूनतम मौज्जातमा ब्याज)	CES	९	९.५	१०
६	जेष्ठ तथा असक्त कमिक आबधिक बचत खाता (त्रैमासिक ब्याज)	E&D	१०	१०.५	११
७	आबधिक बचत खाता (एकमुस्ट ब्याज)	FD	१३	१२.५	१३
	आबधिक बचत खाता छ महिना (एकमुस्ट ब्याज)	FD6			११
	आबधिक बचत खाता तिन महिना (एकमुस्ट ब्याज)	FD3			१०
८	कमिक आबधिक बचत खाता (दैनिक न्यूनतम मौज्जातमा ब्याज)	PS	९	९.५	छैन
क	तिन महिने	PS			७
ख	छ महिने	PS			७.५
ग	नौ महिने	PS			८
९	डिलाईट बिशेष बचत खाता (दैनिक न्यूनतम मौज्जातमा ब्याज)	DSS	१०,०००	५०,०००	१००,०००
			६	६.५	७
१०	साधरण बचत खाता (दैनिक न्यूनतम मौज्जातमा ब्याज)	GS		५.५	
११	लघुबित्त बचत खाता (दैनिक न्यूनतम मौज्जातमा ब्याज)	LBS		१०	
१२	आजिवन वचत खाता	DLS			१३
१३	डिलाईट बिशेष बचत खाता (दैनिक न्यूनतम मौज्जातमा ब्याज)	DSS500M		९	

क.स.	कर्जाको शिर्षक	खाताको सुचक	मासिक किस्ता	एकमुस्ठ
१	ब्यावसायिक कर्जा	BL	१६	१६
२	हायर पर्चेज कर्जा	HPL	१६	छैन
३	डिलाईट सरल कर्जा	DEL	१६	१६
४	आबधिक बचत कर्जा	FDCL	बचतको ब्याजमा थप २ (दुई) प्रतिशत	
५	घरजग्गा कर्जा	HLL	१६	१६
६	शैक्षिक कर्जा	EL	१६	१६
७	बैदेसिक रोजगार कर्जा	FEL	१६	१६
८	कृषि कर्जा	AL	१६	१६
९	घरायसी कर्जा	HL	१६	१६

नोटः- कर्जा तर्फ तिन महिना भन्दा बढि समय माग भएमा अनिवार्य किस्ता तिर्नु पर्ने हुन्छ ।

डिलाईट बचत तथा ऋण सहकारी संस्था लिमिटेड

१५ औं वार्षिक साधारणसभाको उपलक्ष्यमा प्रदान गरिने पुरस्कारको विवरण

क. बचततर्फ

१. सर्वोत्कृष्ट बचत : हरि चाम्लिङ
२. उत्कृष्ट बचत : मिन प्रसाद हुमागाई
३. उत्कृष्ट बचत : सुर्य कुमार श्रेष्ठ

ख. कर्जातर्फ

१. सर्वोत्कृष्ट कर्जा : आकांक्षा सरार्फ, खुस्बु कुमारी सरार्फ, रबिन्द्र कुमार सरार्फ
२. उत्कृष्ट कर्जा : माधब प्रसाद न्यौपाने
३. उत्कृष्ट कर्जा : रन्जिता कार्की कुँवर

ग. कर्मचारीतर्फ

१ रामहरी खत्री
२ रचना कोईराला
३ सरस्वती खड्का

घ. डिलाईट वर्ष सम्मान : राम शरण कुँवर

डिलाईट बचत तथा ऋण सहकारी संस्था लिमिटेड

अनामनगर– २९, काठमाण्डौं, ।

संचालक समिति

अध्यक्ष - पुष्प विष्ट
उपाध्यक्ष - विष्णु प्रसाद निरौला
सचिव - पदम नारायण त्रिपाठी
कोषाध्यक्ष - पूर्ण कुमार प्रजापति
सदस्य - बालकृष्ण श्रेष्ठ
सदस्य - अञ्जु शाह
सदस्य - कुमारी शान्ता आचार्य

लेखा समिति

संयोजक - उपेन्द्र बहादुर अधिकारी
सदस्य - विश्वनाथ शर्मा
सदस्य - अनिल राजभण्डारी

महिला उप-समिति

संयोजक - अन्जु शाह
सदस्य - रञ्जना पाठक
सदस्य - रीता कार्की विष्ट
सदस्य - सीता अधिकारी
सदस्य - रञ्जिता कार्की कुँवर
सदस्य - शर्मिला घिमिरे

शिक्षा उप-समिति

संयोजक - कुमारी शान्ता आचार्य
सदस्य - गणेश प्रसाद आचार्य
सदस्य - गणेश प्रसाद भट्टराई

सल्लाहकार समिति

प्रा. डा. चन्द्रमणी अधिकारी (वरिष्ठ अर्थविद)
डा. विमल कुमार शर्मा (इतिहासविद)
राम प्रसाद गौत्तम(कानूनविद)
कृष्ण कुमार मगर (लेखापरिक्षक)
अम्बिका प्रसाद लुईटेल (संस्थापक अध्यक्ष)
हित नन्दन झा (पूर्व अध्यक्ष)
सुर्य कुमार श्रेष्ठ (पूर्व अध्यक्ष)
ओमनाथ बस्नेत (संस्थापक सचिव)
कमल ढुंगाना (पूर्व संचालक)
खेम राज पौडेल (पूर्व संचालक)
ज्ञानेन्द्र प्रसाद शाह (पूर्व संचालक)

ऋण उप-समिति

संयोजक - पदम नारायण त्रिपाठी
सदस्य - हरि प्रसाद गौतम
सदस्य - राम शरण कुँवर

आर्थिक व्यवस्थापन उप-समिति

संयोजक - राम शरण कुँवर
सदस्य - कल्याण अधिकारी
सदस्य - पिताम्बर पोखरेल
सदस्य - ध्रुब प्रसाद त्रिपाठी
सदस्य - नवीन चौलागाईं
सदस्य - गुणराज दाहाल
सदस्य - हरि किशनन के शर्मा

कर्मचारीहरू

प्रमुख कार्यकारी अधिकृत - प्रकाश लुईटेल
लेखा/प्रशासन प्रमुख - पवित्रा रायमाझी
कर्जा अधिकृत - रामहरी खत्री
सुपरभाइजर - निर्मला त्रिपाठी
सहायक सुपरभाइजर - गीता धिताल
कर्जा सहायक - हिमाल बहादुर बस्नेत
जु. कर्जा सहायक - सरस्वती खड्का
बजार प्रतिनिधि - अम्बिका भण्डारी
बजार प्रतिनिधि - निर्जल डोङ्ग
रिसेप्सनिष्ट - रचना कोइराला
कार्यालय सहयोगी - दोमकली भुसाल